# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.

## तेश्रो वार्षिक साधारण सभाको सूचना

मितिः २०६४/१२/२४ मा सम्पन्न सञ्चालक समितिको ३४औं बैठकको निर्णयानुसार निम्न मिति, स्थान र समयमा यस कम्पनीको बार्षिक साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभाको मिति, स्थान र समयः**

मितिः २०६५ साल बैशाख गते ३० गते सोमबार तदानुसार मे १२, २००८

स्थानः राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौं

समयः बिहान ११:०० बजे ।

**छलफलको बिषय सूचिः**

क) सञ्चालक समितिको बार्षिक प्रतिवेदन,

ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०६४ साल असार मसान्तको वासलात, आ.ब. २०६३/६४ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण अनुमोदन,

ग) आ.ब. २०६४/६५ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक,

घ) कम्पनीको नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव,

ङ) सर्वसाधारण शेयरधनीहरूको समूह "ख" बाट २ जना सञ्चालकहरूको निर्वाचन,

च) बिबिध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**सभा सम्बन्धी सामान्य जानकारी**

१. साधारण सभाको प्रयोजनको लागि शेयर दाखिल खारेजको काम २०६५ साल बैशाख १० गतेदेखि ३० गतेसम्म बन्द रहनेछ ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको बार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन शेयरधनी महानुभावहरूको ठेगानामा पठाइने र सो बिबरणहरू यस कम्पनीको रजिष्टर्ड कार्यालय वा कम्पनीको वेभसाइड www.lgic.com.np बाट समेत हेर्न वा प्राप्त गर्न सकिनेछ ।

३. साधारण सभामा भाग लिन वा मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहनुहुने शेयरधनीहरूले कम्पनीको एक शेयरधनीलाई प्रतिनिधि मुकरर गरी सभा हुनुभन्दा ४८ घण्टा अगावै संस्थापक शेयरधनीहरूको समूह "क" अन्तर्गतका शेयरधनीहरूले कम्पनीको रजिष्टर्ड कार्यालयमा र समूह "ख" अन्तर्गतका सर्वसाधारण शेयरधनीहरूले यस कम्पनीको शेयर रजिष्ट्रार एस डेभलपमेन्ट बैंक लि. मा दर्ता गर्नुपर्नेछ । प्रतिनिधि-पत्र दर्ता गरिसकेपछि सोलाई बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको व्यहोरा स्पष्ट गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि मुकरर गर्न सक्नेछन् । एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकरर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकरर गरेमा जुन लिखत पहिले प्राप्त भई दर्ता हुन्छ, सो मात्र मान्य हुनेछ ।

४. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रूपमा दर्ता भएका व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।

५. सभामा भाग लिन आउने सर्वसाधारण शेयरधनीहरूले सभा हुने दिन शेयरको प्रमाणपत्र साथमा लिई आउनुहुन अनुरोध छ ।

६. बार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले यथासक्य झोला नल्याउनुहुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका स्वयंसेवकले शेयरधनी महानुभावहरू लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला वा शरीर जाँच गर्न सक्नेछन् ।

७. हाजिर पुस्तिका बिहान १०:०० बजेदेखि ११:०० बजेसम्म खुल्ला रहनेछ ।

८ समूह "ख" बाट प्रतिनिधित्व हुने २ जना सञ्चालकहरूको निर्वाचनको लागि सभा हुनुभन्दा एकहप्ता अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा निर्वाचन कार्यक्रम प्रकाशित गरिनेछ ।

९. अन्य बिषयहरूको सम्बन्धमा कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

**लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड**
पो.ब.नं. २३१००, त्रिदेबीमार्ग ठमेल, काठमाडौं,